# हरिनगर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## हरिनगरा, सुनसरी
### १ नं. प्रदेश, नेपाल

प.स.:- २०७७।०७८
च.न.:- १५८

मितिः- २०७७।४।२१

**बिषयः- निर्णय कार्यान्वयन सम्बन्धमा ।**

श्री हरिनगर गा.पा.
वडा कार्यालयहरु सबै

प्रस्तुत विषयमा यस हरिनगर गाउँपालिकाका अध्यक्ष श्री गफार अंसारी मिया ज्यूको अध्यक्षतामा मिति २०७७।४।२१ गते बसेको बैठकको निर्णय उतार यसै साथ संलग्न छ उक्त निर्णय कार्यान्वयन तथा प्रचार प्रसार गर्न हुन अनुरोध छ ।

.............................................
कृष्ण बहादुर कार्की
प्रमुख प्रशासकिय अधिकृत

# हरिनगर गाउँपालिका

## मिति : २०७७।४।२१ गतेको निर्णय उतार

निर्णय नं. १. विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको संकमण यस हरिनगर गाउँपालिका क्षेत्रमा समेत समुदाय स्तरमा फैलिसकेको हुँदा गा.पा.क्षेत्रका आम नागरिकलाई कोरोना संकमण बाट बचाउन आज बसेको बैठक बाट देहाय बमोजिमको निर्णयहरु गरियो ।

क) मिति २०७७।४।२१ गते राती १२:०० बजे बाट मिति २०७७।४।२५ गते विहान ७:०० बजे सम्म हरिनगर गा.पा क्षेत्र भित्र पूर्ण रुपमा बन्दाबन्दी घोषणा गर्ने ।

ख) बन्दाबन्दीको समयमा मालबाहक सवारी साधन बाहेक निजी तथा भाडाका सम्पूर्ण सवारी साधनहरु(साईकल, मोटरसाईकल, अटोरिक्सा, सिटि रिक्सा) संचालन गर्न रोक लगाउने ।

ग) स्वास्थ्य संस्था र अत्यावश्यक सेवा बाहेक गाउँपालिकाको मातहतमा रहेका सबै कार्यालयहरु मिति २०७७।४।२२ देखी मिति २०७७।४।२८ सम्म बन्द गर्ने ।

घ) बन्दाबन्दीको परिपालना भए/नभएको अनुगमन गर्न प्रत्येक वडामा वडा अध्यक्षको अध्यक्षतामा अनुगमन समिति निर्माण गर्ने ।